राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७५ चैत ११

## राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी तथा संवैधानिक आयोगका नवनियुक्त अध्यक्षहरुबीच छलफल

राष्ट्रिय मानव अधिकार आयोगले र हालै नियुक्त हुनुभएका विभिन्न संवैधानिक आयोगका माननीय अध्यक्षहरु तथा सचिवहरुसँग मानव अधिकार संरक्षण र संवर्द्धन सम्वन्धमा आज छलफल गरेको छ ।

छलफलको क्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले मानव अधिकारको क्षेत्रमा आयोगले सहयोगी एवं सहजीकरणको भूमिका निर्वाह गर्न सकोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । मधेसी, मुस्लिम, थारु, सीमान्तकृत लगायत नेपालका सम्पूर्ण नागरिकको मानव अधिकार संरक्षण गर्ने सबै आयोगहरुको उद्देश्य रहेको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगसँग अन्य विषयगत आयोगहरुले समन्वय र सहकार्य गरी कार्य गर्नु आवश्यक रहेको बताउनुभयो । साथै, राष्ट्रिय मानव अधिकार आयोग सबै आयोगहरुसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो ।

कार्यसम्पादनको क्रममा आगामी दिनमा सबै आयोगहरुबीच आउन सक्ने कामको दोहोरोपना तथा अस्पष्टतालाई हटाउन, मानव अधिकारको संरक्षणमा थप योगदान पुर्‍याउन, भर्खरै मात्र स्थापना भएका आयोगहरुलाई आवश्यक सहयोग पुर्‍याउन राष्ट्रिय मानव अधिकार आयोगले कार्य गर्नुपर्ने वक्ताहरुले बताउनुभयो ।

छलफलमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालानन्द पौडेल, राष्ट्रिय समावेशी आयोगका माननीय अध्यक्ष डा. शान्तराज सुवेदी, मधेसी आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्त, थारु आयोगका माननीय अध्यक्ष विष्णुप्रसाद चौधरी, मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारी, राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यहरु प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी, राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेद भट्टराई, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिव बैकुण्ठ अर्याल, राष्ट्रिय समावेशी आयोगका सचिव वासु शर्मा पौड्याल, मधेसी आयोगका सचिव सनक के.सी, थारु आयोगका सचिव आनन्दराम रेग्मी, मुस्लिम आयोगका सचिव शम्भु वहादुर खड्का लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

२०७५।१२।११

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org